पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : ७ २०६७ भदौ १८ गते शुक्रबार (Sep. 3, 2010) मूल्य रू. ५/-

## नेपाली सेना स्वतन्त्र हुँदैछ

काठमाडौं / वृहतशान्ति सम्झौतापछि ब्यारेकमा कुँजिएर र मरिच झैं चाउरिएर बसेको नेपाली सेना अनमिनको कार्यादेशबाट मुक्त भएर स्वतन्त्र हुँदैछ । अनमिनले माओवादी लडाकू र सेनालाई बराबरको दर्जा दिएको विषयलाई सेनाले इन्कार गरेर जेएमसीसी बैंठक बहिष्कार गर्दै राजनीतिक भेटघाट तीब्र पारेको हो । प्रधानसेनापति छत्रमानसिंह गुरुङले संविधान र संवैधानिक सरकारको मातहत रहेको सेना संविधानप्रति प्रतिबद्ध छ, सेना र विद्रोही लडाकू समान होइनन भनेर गरेको लविङ अनुसार सर्वदलीय बैठकले समेत सेनालाई सम्मान गर्दै अनमिनले लडाकूको मात्र अनुगमन गर्नेगरी उसको म्याद थप्नु पर्ने सुझाव सरकारलाई दिएका छन् ।

रक्षा मन्त्री विद्यादेवी भण्डारी र अन्य दलहरूले अनमिनले माओवादीको पक्षपोषण गरेको आरोप अहिले पनि लगाइरहेका छन् । अनमिनले (**बाँकी अन्तिम पेजमा**)

# संसद नाङ्गिदै, प्रचण्ड र पौडेल नाच्दै

काठमाडौं / पर्सि भदौ २० गतेको संसदमा प्रधानमन्त्री छान्ने छैठौं चरणको



नाटक मञ्चन हुँदैछ । संविधानसभा नामको मञ्चमा मञ्चन हुने यो नौटंकीमा संसद नाङ्गिने छ, प्रचण्ड र रामचन्द्र पौडेल नामका दुई कलाकार नाच्ने छन् । लाज, शरम, लोकाचार केही पनि बाँकी नरहेको यो नौटंकीपछि के हुन्छ ? राष्ट्र र जनताको भाग्य र भरोसा अनिश्चित बन्न पुगेको छ ।

अहिलेसम्मको राजनीतिक परिदृश्य विश्लेषण गर्दा कामचलाउ प्रधानमन्त्री माधवकुमार नेपाल राष्ट्रसंघको महासभामा भाग लिन असोज ५ गते अमेरिका जाने निश्चित भइसकेको छ । प्रम नेपाल फर्कन १० दिन लाग्नेछ । असोज १० पछिमात्र अर्को चुनावको प्रक्रिया सुरु हुने अवस्थाले गर्दा भदौ २० गते प्रधानमन्त्री चयन नुहने र



असोज १० पछिमात्र अर्को परिदृश्य विकास हुन सक्ने अवस्था छ । विश्लेषकहरू त संविधान र नियमावलीको संशोधान नगरेसम्म अर्को विकल्प नभएको, कांग्रेसले संवैधानिक रिक्तता हुनेगरी उम्मेदवारी फिर्ता नलिने बताएकाले काम चलाउन सरकारले नै दशैंपछिसम्म देश चलाउन सक्ने अनुमान गर्न थालेका छन् । एमालेले राष्ट्रिय सहमतिको नाममा अझै तटस्थता तोड्ने निर्णय गरिसकेको छैन । त्यस्तो नीति फर्ने निर्णय गरेको भए प्रम नेपालको अमेरिका भ्रमणको निर्णय हुने थिएन ।

कांग्रेसले नैतिकता भए कांग्रेसलाई मतदान गर्न र नभए माओवादीकै समर्थन गरेर भएपनि अनिश्चयको अवस्था तोड्न एमालेलाई आग्रह गरेको छ । कांग्रेसले आफू प्रतिपक्षमा बस्न तयार भएको पनि जनाइसकेको छ । उपेन्द्र यादवले एमालेलाई एउटा निकास दिन आग्रह गर्दै फोरम पनि निर्णय गर्न तयार भएको संकेत दिएका (**बाँकी अन्तिम पेजमा**)

## प्रचण्ड माधवको घरमा

काठमाडौं / गत मंगलबार एकाएक प्रचण्ड एक्लै माधव नेपालको दैलोमा पुगेका छन् । उनले आपसी कुरा गर्नुभन्दा पनि पहिला प्रम नेपालसँग हात मिलाएर आफूमाथि शंका नगर्न र विश्वास गर्न आग्रह गरेका थिए । त्यसपछि प्रचण्डले अनमिनलाई अहिले नै फिर्ता नगर्न अनुरोध गरेका थिए ।

अघिल्लो दिन प्रधानमन्त्री माधवकुमार नेपालले प्रति लडाकू ७ हजारका दरले राज्यले पैसा दिइरहेको र त्यही पैसाका लागि माओवादी लडाकू समायोजन गर्न र अमिनलाई फिर्ता पठाउन चाहन्न भनेका थिए । उनले शिविरमा १५ हजारभन्दा बढी लडाकू नरहेको दाबीसमेत गरेका थिए । त्यसको भोलिपल्टै प्रचण्ड प्रम नेपालको दैलोमा अनमिन राख्नुपर्ने प्रस्ताव लिएर पुगेका हुन् । प्रधानमन्त्रीले डाकेको सर्वदलीय बैठकमा साना दल र कांग्रेसले अनमिनको अनुगमनबाट नेपाली (**बाँकी अन्तिम पेजमा**)

## माओवादी नागरीक पार्टी बन्नै पर्दछ ?

**अभियान संवाददाता**

काठमाडौं / २०६२ सालमा भारतको राजधानी नयाँ दिल्लीमा तत्कालिन सात दल र माओवादी बीच भएको १२ बूँदे सम्झौतामा सही गर्दा नै मओवादी पार्टीले अरु पार्टीको अस्तीत्व स्वीकार गर्दे अधिनायकवादको विरोधमा संसदीय व्यवस्था स्थापनाका लागि बचनबद्ध भएको थियो । यसैको परिणाम स्वरुप उ अन्तरिम संसदमा नेकपा एमाले सरह संसदमा पुगेको थियो । त्यसै अनुरुप पुनर्स्थापित संसद र गणतन्त्रको घोषणा हो । अन्तरीम संविधान संसदीय व्यवस्था स्थापनाको राजनैतिक निर्णयले भएपछि नै मुलुक संविधानविहिन अवस्थामा पुऱ्याइएको हो । अहिले अन्तरिम संविधान छ संविधान निर्माताहरू छन् तर संविधानको पालना भएको छैन । गरिब र निमुखा जनताको लागि मात्र संविधान लागु भएको छ । ठूलावडा र दलका नेताहरूलाई कुनै संविधान ऐन कानूनले छुँदैन । अहिलेको हाम्रो अवस्था भनेको यहि हो ।

संविधानसभामा पच्चीसवटा पार्टी उपस्थित भएका छन् । पच्चीसवटा पार्टी उपस्थित भएपनि संसदमा सबैभन्दा ठूलो पार्टी भएको एकीकृत नेकपा माओवादी नेपाली कांग्रेस र नेकपा एमालेका गलत क्रियाकलापले मुलुकले नयाँ प्रधानमन्त्री पाउन सकेको छैन । माधवकुमार नेपालले राजीनामा दिएको दुईचार घण्टैमा सबै समस्याहरूको समाधान हुन्छ भन्ने माओवादी अध्यक्ष प्रचण्डको उद्घोष हावा सावित भएको छ । मुलुक अहिले काम चलाउ सरकारबाट सञ्चालित भएको छ । आखिरी किन यस्तो भयो त ? यसबारे कसैलाई सोच्ने फुर्सदै छैन । संसदबाट पाँचपाँच पटक प्रधानमन्त्रीरमा हारेका व्यक्तिहरू फेरी छैटौं पटक हार चाख्न आतुर भएका छन् । विगतको आम चुनावले मओवादी पार्टीलाई पार्टीको (**बाँकी अन्तिम पेजमा**)

## रावलद्वारा करोडौं अनियमितता

**अभियान संवाददाता**

काठमाडौं / प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएको दुई महिना पछि गृहमन्त्री भीम रावल र एमालेका वरिष्ठ नेताहरूले निजी कामका लागि प्रयोग गरेको हेलिकोप्टरको भाडा वापतको एक करोड ५७ लाख रुपैयाँ गृह मन्त्रालयले हालै भुक्तानी गरेको छ । प्रधानमन्त्री माधवकुमार नेपाल र एमाले अध्यक्ष झलनाथ खनालको व्यापक दबाबमा शान्ति सुरक्षा प्रयोजनको लागि हेलिकोप्टर प्रयोग भएको देखाइ यो रकम अर्थ मन्त्रालयबाट ठाडोरुपमा निकासा गरिएको थियो ।

गृह मन्त्रालयले गत पुषमै रकम निकासाका लाीग अर्थ मन्त्रालयमा पठाएको भएतापनि अर्थ मन्त्रालयले पार्टीगत प्रयोजनको लागि र व्यक्तिगत प्रयोजनका लागि हेलिकोप्टर प्रयोग भएको देखिएकाले सरकारले त्यो पैसा भुक्तानी नगर्ने अडान लिएपछि अहिले आएर स्वयं प्रधानमन्त्री नेपाल र गृहमन्त्री रावलको दबाबले अर्थमन्त्री सुरेन्द्र पाण्डेले रकम भुक्तानी गरिदिन कर्मचारीलाई निर्देशन दिएका थिए । अर्थमन्त्रालयबाट विभिन्न मितिमा निकासा भएको एक करोड ५७ लाख रुपैयाँ गृहले शान्ति सुरक्षाका नाममा खर्च भएको भन्दै भुक्तानी दिएपनि गृह (**बाँकी अन्तिम पेजमा**)

## राष्ट्रपतिसँग माओवादीको आपत्ति

काठमाडौं / राष्ट्रपति डा.रामवरण यादवले ठूला र साना राजनीतिक दलहरूसँग भेट गरिरहेका छन् भने कानूनविदहरूसँग पनि परामर्श गरिरहेका छन् । भदौ २० गते पनि व्यवस्थापिका संसदले प्रधानमन्त्री चयन गर्न सकेन भने राष्ट्रपतिले के गर्नुपर्छ ? भन्ने विषयमा संविधानविदहरूले सुझाव दिइरहेका छन् ।

हुनपनि भदौ २० गते छैठौं पटक प्रधानमन्त्रीको निर्वाचन हुँदैछ । विश्व इतिहासमै संसदले एकैथरि उम्मेदवारलाई ६ पटक मतदान गरेको र एउटा प्रधानमन्त्री छान्न नसकेको नेपालमात्र उदाहरण बन्न लागेको छ । राष्ट्रपतिले ठूला-साना राजनीतिक दलहरूलाई 'यो त अति भयो, सहमतिबाट निकास दिनोस्' भन्ने आग्रह गरिरहेका छन् । राष्ट्रपति (**बाँकी अन्तिम पेजमा**)

## यी गभर्नर पनि असफल

काठमाडौं / इलाम र डढेलधुरामा ५ सय र हजार दरका नक्कली नोट फेला परेका छन् । यी नोटहरू राजधानीबाटै गएको रहस्य पनि पत्ता लागिसक्यो । तर, नेपाल राष्ट्र बैंक नेपाली नोटको नक्कली कारोबार गर्ने को हो ? यसप्रति सचेत देखिन्न, कानमा तेल हाले बसेको छ ।

यसै बीच सीमाक्षेत्र, दाङ, पश्चिम र सुदुरपश्चिम नेपालमा भारुको प्रचलन बढेको र नेपाली मुद्राको मनपरी दर कायम गरेको विषयमा राष्ट्र बैंक मौन छ । यतिखेर सीमावर्ती क्षेत्रमा १ सय भारुको १६३ देखि १८० सम्ममा कारोबार भइरहेको छ । काँकडभिट्टा, (**बाँकी अन्तिम पेजमा**)

## सकिन्छ, संवैधानिक राजतन्त्र भनौं...

***शाश्वत शर्मा***

आजभोली 'साँस्कृतिक राजा' राख्न एनेकपा माओवादी पार्टी पनि राजी भइसकेको 'शगुफा' खुब उछाल्न थालिएको छ । खासगरी एकथरी बुद्धिहिन राजावादीहरू यो 'कुरा' ले खुबै हर्षित देखिन्छन् पनि । यद्यपि एमाओवादी पार्टीले कुनै पनि किसिमको राजतन्त्र आफूहरूलाई मान्य नहुने कुरा बताएको छ । तापनि एउटा कुनाबाट यो अहिले पनि उठिनै रहेको छ । झन प्रम माधव र उनका सहयोगी मन्त्रीहरूले पनि एमाओवादी र राजतन्त्र बीच 'साँस्कृतिक'को कुरा मिलेको छ भनेर बढाई चढाई रुपमा गर्न थालेपछि कहिँ न कहिँ, केही न केही खिचडी पाकिरहेको अनुमान गर्न केही उपबुज्रुकहरूलाई सजिलो भएको छ । अझ गत बुधबारको एउटा शंकास्पद साप्ताहिकमा एमाओवादी अध्यक्ष प्रचण्ड र भारतीय दूतावासबाट तलब, सुविधा प्राप्त गरिरहेका नेपाली राजनीतिक विश्लेषक (!) सी.के. लालकाबीचमा 'साँस्कृतिक राजा' कसरी राख्न सकिन्छ ? भन्ने विषयमा कुराकानी भएको भन्ने सनसनीयुक्त समाचारले 'साँस्कृतिक राजा'को चर्चा लाई थप बल प्रदान गरेको छ । त, देशमा अहिले तीनवटा 'मुद्दा' देखिएको छ । एउटा, पर्सि २० गते हुने भनिएको प्रधानमन्त्रीको चुनावको मुद्दा, दोस्रो चैत्रसम्ममा नयाँ र सर्वमान्य संविधान निर्माण गर्ने मुद्दा र तेस्रो सो संविधानमा 'साँस्कृतिक राजतन्त्र' उल्लेख गर्ने मुद्दा !! ...र खुबै हौसिएका छन्, एकथरी राजावादीहरू !! तिनका अनुसार ठुटो



रहे बुटो पलाउँछ रे ! ...जुनसुकै राजतन्त्र भएपनि पहिला राजतन्त्र त आओस्, त्यसपछि विस्तार विस्तार 'कब्जा' गर्न सकिन्छ रे ! यस्तो धारणा राख्ने बुद्धिहिन राजावादीहरू पनि छन्, राजनीतिक बजारमा । जब मान्छेमा आफैंमाथि विश्वास हुँदैन, तब त्यो मान्छे अर्काको विचार र नीतिमा चल्न थाल्छ । अहिले केही राजावादीहरू यही 'रोग' बाट ग्रस्त देखिन थालिसकेका छन् । तिनमा 'साँस्कृतिक राजतन्त्र' होइन, हामीलाई अधिकारयुक्त संवैधानिक राजतन्त्र नै चाहिन्छ भन्ने हुति-सुति केही पनि (**बाँकी पाँच पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

**अभियान** साप्ताहिक

**सम्पादकीय**

# असफल १२ बूँदे सहमति खारेज गर

आफ्नो दुई वर्षे कार्यकाल पुरा गरेपनि जनताले दिएको म्याण्डेट संविधान निर्माण गर्न असफल भएको संविधान सभाले आफैंले आफ्नो पदावधि १ वर्ष लम्बाएपनि थपिएको एक वर्षको ३ महिना भित्रमा संविधानसभाको एउटा पनि बैठक बस्न सकेको छैन । राजनैतिक दलहरूले संविधान निर्माणलाई भन्दा सरकार निर्माणलाई पहिलो प्राथमिकतामा राखेका हुनाले तोकिएको समय अर्थात् २०६७ साल जेठ १४ गते भत्रिमा संविधान निर्माण हुन नसकेको हो । दलहरूको दलगत स्वार्थ र केही नेताहरूको व्यक्तिगत आकांक्षाले गर्दा पनि संविधान निर्माणमा ढिलाई भएको संविधानसभाका सदस्यहरूले बताउन थालेका छन् । संविधानसभाका सदस्यहरूले पहिला नै आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरेर संविधानसभाको आयु निर्धारण गरेका थिए । संविधानसभाले आफ्नो आयु आफैं थप्न सक्ने प्रावधान नभएपनि आफैंले बनाएको संविधानलाई उल्लंघन गर्दै दलहरूले २०६७ साल जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि थपेर दुनियाँलाई हँसाउने कार्य गरे । दुनियाँलाई हसाउने कार्यगरे पनि संविधान निर्माणको कार्य अगाडि बढेको भए त्यसलाई स्वीकार गर्न सकिन्थ्यो, तर तिन महिना बितिसक्दा पनि संविधानको 'स' सम्म उच्चारण नहुनु संविधान नबन्ने संकेत नै हो ।

अहिले राजनैतिक दलका नेताहरू संविधान बन्न नसक्नुमा विदेशी हस्तक्षेप र मुलुकमा रहेका प्रतिगामीहरूको षड्यन्त्र देख्न थालेका छन् । तर, उनीहरूले प्रष्ट रुपमा भन्न सकेका छैनन् प्रतिगामीहरूको हुन्, र उनीहरूले संविधान निर्माणको क्रमलाई के बाधा पुर्‍याए, त्यसको स्पष्ट जवाफ नदिएर आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउनैका लागि अरुलाई दोष दिनु कहाँको न्याय हो । विदेशीहरूलाई दोष दिनुको सट्टा हाम्रो नेताहरूले पहिला आफ्नै अनुहार ऐनामा हेरे बेश हुन्छ । हिजो आफ्नो स्वार्थ पूर्ति गराउनको लागि तिनै विदेशीहरूले बनाईइदिएको रोडम्यापमा चढेर आफ्नो स्वार्थ पूर्ति गर्ने अनि अहिले आएर उनीहरूले हस्तक्षेप गरे भनेर राँडे रुवाई गर्नुको अर्थ के ? हिजै तपाईहरूकै कराणले गर्दा विदेशीहरूले नेपालमा नाङ्गो नाच नाच्न पाए त्यो सबै तपाईहरूकै देन थियो, अहिले आएर उनीहरूले हिजो आफूले उपलब्ध गराएको केही सुविधाहरू तपाईहरूबाट खोस्न खोजेका छन्, त्यो सबै तपाईंहरूको अकर्मण्यता र असफलताको उदाहारण मात्र हो ।

२०६२ मा भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बूँदे सहमित नै समस्याको जड थियो । तत्कालिन सात दल र माओवादीबीच भारतले उसैको सक्रियतामा अप्राकृतिक गठबन्धन गराई दिएको थियो । उत्त गठबन्धन गर्दा सैद्धान्तिक रुपमा कुनै कुरा भएको थिएन । त्यसको एउटै उद्देश्य थियो, नेपालबाट राजतन्त्रको अन्त्य गर्ने । आखिरी भारत आफ्नो स्वार्थ पूर्ति गर्नका लागि नेपालका राजनैतिक दलहरूलाई खेलाउन सफल भयो । केही नेताहरूको व्यक्तिगत महत्वाकांक्षा र पार्टीगत स्वार्थले गर्दा सातदल र माओवादी बीच १२ बूँदे सहमती भएको थियो । तर, उक्त सहमतिलाई दलहरूले आ-आफ्नो स्वार्थ अनुरुपको व्याख्या गर्न थालेपछि अहिले १२ बूँदे सहमति नै चौवाटोमा पुगेको छ । अहिले त्यसरी सहमति गर्ने मध्येका एक माओवादी अध्यक्ष पुष्पकमल दाहाल, संसदीय व्यवस्था असफल भएको फलाकी रहेका छन् । हामी सोध्न चाहन्छौ, २०६२ मा तपाईले तत्कालिन सात दल बीच १२ बूँदे सहमति गर्दा के आधारमा सहमति गर्नु भयो । १२ बूँदे सहमतिमा उल्लेख भएका विषयहरू के संसदीय व्यवस्थाभित्र पर्दैनन् त ? आफूहरू असफल हुने अनि विश्वकै उत्कृष्ट मानिएको संसदीय व्यवस्था असफल भयो भनेर दोष लगाउनु पुष्पकमल दाहालको जनताप्रतिको राजनैतिक बेइमानी र गैरराजनीकि चरित्रको पाखण्डपन मात्र हो । नत्र भने दाहालले सोझै भन्न सक्नु पर्दछ, एकीकृत नेकपा माओवादी पार्टी अहिले पनि संसदीय व्यवस्थामा विश्वास राख्दैन, त्यसैले हामी संसदीय व्यवस्थालाई स्वीकार गर्न सक्दैनौं ।

नौ महिनासम्म सत्ताको बागडोर हातमा लिंदा संसदीय व्यवस्था थियो कि थिएन ? त्यसबेला प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस थियो, सभामुख थिए, अदालत थियो । यी सबै संसदीय व्यवस्थाभित्र पर्ने अङ्ग भए पनि तिनीहरूको वेवास्ता गर्दै सत्तामा रहेकाबेला एक दलीय अधिनायकवादी तानाशाही प्रवृति लाद्न खोजेकै कारण माओवादी नेतृत्वले राजीनामा दिनु परेको सत्य वास्तविकतालाई नजर अन्दाज गर्दै आफ्नो असफलता लुकाउनको लागि संसदीय व्यवस्थालाई दोष लगाउनु कुनै हालतमा पनि उचित हुँदैन ।

यदि साँच्चीकै संसदीय व्यवस्था असफल भएको हो भने हिजो भएको १२ बूँदे सहमति र त्यसै अनुसार भएका सबै सहमति, सम्झदारी असफल भएका छन् । संसदीय व्यवस्था अनुसार संसदीय व्यवस्था असफल भएको हो भने पहिला त्यो १२ बूँदे सहमति र त्यस अनुरुप भएका सहमति, सम्झदारी पत्रहरू खारेज गर्ने सहास छ ? यदि छ भने देखाउन भने हाम्रो जोडदार माग रहेको छ ।

# अनमिनलाई प्राविधिक टोलीमा राख

– देवेन्द्र चुडाल –

अहिले मुलुकबाट संयुक्त राष्ट्रसंघको राजनैतिक मिसन अनमिनलाई फिर्ता पठाउने कि फेरी म्याद थप्ने भने विषयमा राजनैतिक दलहरू विभाजित भएका छन् । राजनैतिक दलहरूले आ-आफ्नो दलगत स्वार्थ अनुरुप अनमिनको म्याद थप्नु पर्ने र नपर्ने विषयमा वकालत गरी रहेको अवस्थामा अनमिन प्रमुखले समेत आफ्नो म्याद थप गर्न दबाब दिन थालेकी छन् । नेपालका राजनैतिक दलहरूले नै अनमिनलाई नेपाल भित्र्याएका हुन् । माओवादीले चलाएको १० वर्षे जनयुद्धले गर्दा मुलुक असफल राष्ट्रतर्फ उन्मूख भएको बेला माओवादीले पूर्व लडाकूहरूको रेखदेख गर्न र अन्य कार्यसमेत गर्नका लगि अनमिनलाई भित्र्याइएको भएपनि नेपालका केही राजनैतिक दलहरूले अनमिनले राजनैतिक पूर्वाग्रह राखेर आफ्नो कार्य अगाडी बढाएको हुनाले अब कुनै हालतमा पनि उनसो पदावधि थप्नु नहुने जिकिर गरिरहेका बेला एकीकृत नेकपा माओवादीले भने अनमिनको कार्य अझै बाँकी रहेको हुनाले पदावधि ६ महिना लम्बाउनु पर्ने पक्षमा गएको छ । हाल अनमिनलाई दिएका कार्यादेशमध्येका सेना तथा माओवादी लडाकू र हतियार व्यवस्थापनको अनुगमन अझै बाँकी रहेको छ । अनमिनको पदावधि ६/६ पटक थप्दासमेत उसको कार्यादेशलाई हटाउने कार्य कहिल्यै भएन । अब अनमिनलाई राजनैतिक मिसनबाट हटाएर बाँकी रहेका कामका लागि प्राविधिक टोली मात्र राखेपनि अनमिनको कार्य पूरा हुनेछ । चार वर्ष अगाडि अनमिन नेपाल भित्रँदा अनमिनले पाँच प्रमुख कार्यादिशा पाएको थियो । ति मध्ये राजनीतिसँग सम्बन्धित तीन प्रमुख कार्य सम्पन्न भइसकेको अवस्थामा अब उसको कार्यदिशा परिवर्तन गरेर अनमिनलाई सीमित संख्यामा नेपालमा राख्नु उचित देखिन्छ । नेपालका राजनैतिक दलहरूले अनमिनलाई नेपालमा भित्र्याउँदा उसलाई जुन कार्यदेश दिएका थिए, अब त्यसको औचित्य समाप्त भएको छ । शान्ति प्रक्रियालाई ६ महिना भित्रमा टुङ्गाउने सर्तमा संविधानसभाको निर्वाचन र राजतन्त्रलाई विदाई गरी गणतन्त्रको स्थापनामा प्रभाव नपरोस भनेर मात्र नेपाली सेनालाई अनमिनको अनुगमनमा राखिएको थियो । अहिले ति सबै कार्यहरू पूरा भइसकेको अवस्थामा मुलुकको राष्ट्रिय सेनालाई अनमिनको अनुगमनमा राख्नु भनेको नेपाली सेनालाई विश्वास गर्न नसक्नु हो । नेपाली सेना कुनै दल विशेषको सेना नभएर राष्ट्रको सेना हो । उसको मुलुकको सार्वभौमिकता र मुलुकको अखण्डता बचाउने प्रमुख जिम्मेवारी रहेपनि अनमिनको अनुगमनले गर्दा उसले आफ्नो नियमित कार्यसमेत गर्न पाएको छैन । प्रत्येक वर्ष नेपाली सेनाबाट सेवा निवृत्त भएर अधिकृतदेखि जवानहरू समेत घर जाने भएपछि उक्त रिक्त पदमा सेनाले भर्ना लिनै पर्दछ । नयाँ भर्ना लिएका व्यक्तिहरूलाई ट्रेनिङ दिनै पर्दछ, हातहतियार चलाउन सिकाउनै पर्दछ । अहिले नेपाली सेना ति सबै कार्यहरूबाट बञ्चित भएको हुनाले अब अनमिनको अनुगमनबाट नेपाली सेनालाई मुक्त पार्नु सबै राजनैतिक दलको कर्तव्य र दायित्व हो । राजनैतिक दलका नेताहरूको अकर्मण्यता र नालायकीपनकै कारण नेपाली सेना र माओवादीका पूर्व लडाकूहरूलाई एकै खालको व्यवहार गर्नु नेताहरूको अकर्मण्यता हो । त्यही अकर्मण्यताको फाइदा उठाउँदै अहिलेको अनमिन कर्यादेश अनुरुप अनमिन राजनैतिक प्रकृतिको मिशन भएकाले पनि यसका उच्च अधिकारीहरूले आफूले चाहेका बेला राष्ट्रपति, प्रधानमन्त्री, संविधानसभाका अध्यक्ष तथा राजनैतिक दलका उच्च तहका नेताहरूलाई निर्वाध रुपमा भेटी प्रत्येकसँग फरक फरक धारणा राख्ने गरेकाले त्यसले दलहरूबीच अझ अविश्वासको वातावरण सिर्जना गरेको हुनाले अब अनमिनको सट्टा प्राविधिक एकाइमात्र राखेर माओवादीका पूर्व लडाकूहरू र हतियारको अनुगमन गराइएको खण्डमा मात्र त्यसले मुलुकलाई हित गर्नेछ ।

विश्वका कुनै पनि मिशनका प्रमुखहरूले नेपालमा जस्तो आफूले चाहेका बेला त्यहाँका उच्चपदस्थ व्यक्तिहरूसँग भेटघाट गर्न पाउँदैनन् । नेपालमा भने त्यस्तो व्यवस्था नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले नै मिलाइदिएका थिए । उनी प्रधानमन्त्री भएकाबेला माओवादीलाई खुशी पार्नैका लागि उनले तत्कालीन अनमिन प्रमुख इयान मार्टिनलाई प्रधानमन्त्री निवास खुल्ला गरिदिएकाले अहिलेकी प्रमखु करिन ल्यानग्रेण्डले पनि सोही सुविधा भोगिरहेकी छिन् । अब नेपाली सेनालाई जेएमसीसीको नियन्त्रणबाट बाहिर ल्याएर अनमिनलाई एउटा प्राविधिक एकाईको रुपमा सीमित गरेर उसका अधिकारीहरूले विशेष समितिका सदस्यहरू भेटेर सेना समायोजन र व्यवस्थापनका बारेमा कुराकानी गर्न सक्छन् । त्यसरी कार्य गर्दा उत्पन्न हुनसक्ने बाधा, अड्चनका बरोमा विशेष समितिका सदस्यहरूलाई जानकारी गराउनु पर्ने व्यवस्था मिलाएको खण्डमा त्यसको वैधता रहन्छ । अनमिनको कार्यादेश संशोधन गरेर उसलाई राष्ट्रसंघको प्राविधिक टोली राख्ने र त्यसलाई माओवादीका पूर्व लडाकू र हतियारको प्रत्यक्ष निगरानी गरी दैनिकरुपमा सरकार र विशेष समितिलाई जानकारी गराउने जिम्मेवारी दिइनु उपयुक्त हुन्छ । अहिले अनमिनका कर्मचारी पनि आफूले पाएको जिम्मेवारी शिविर अनुगमनभन्दा पनि राजनैतिक मिशनमै सक्रिय भएका छन् । शिविरका प्रथम तहका माओवादी कमाण्डरहरूसँग उनीहरूको सम्पर्क नै छैन । दोस्रो तहका कमाण्डरहरूले दिएको सूचना मात्र उनीहरूले राख्ने गरेका छन् । यसरी अनमिनले आफ्नो क्रियाकलाप राजनैतिक मिशनका लागि अगाडि बढाएको हुनाले माओवादी शिविरबाट कति लडाकूहरू हतियार लिएर बाहिर गए, कति आए भन्ने सूचना अनमिनसँग नभएको हुनाले नै माओवादीका पूर्व लडाकूहरू रहेका शिविर अपराधीहरूको अखडाजस्तो भएको आरोप अन्य राजनैतिक दलहरूले लगाउँदै आएका छन् ।

माओवादी नेतृत्वले अहिलेकै अवस्थामा अनमिनको पदावधि ६ महिना थप्न आफ्नो सक्रियता बढाएको छ । त्यसै क्रममा उसले अन्य दलहरूसँग वार्ता गरे पनि अन्य दलहरूले नेपाली सेनालाई अनमिनको अनुगमनबाट हटाएर मात्र अनमिनको पदावधि थप्नु पर्ने सर्त अगाडि सारेपछि माओवादी अन्य दलहरूसँग क्रुद्ध बनेको छ । अहिले पनि अनमिन कार्यालयमा दर्जनौ राजनैतिक अधिकृतहरू रहेका छन् । तीनै अधिकृतहरू मार्फत् माओवादी अनमिनको म्याद थप्न लविङ गरिरहेको छ । अहिलेको अवस्थामा अनमिनमा दर्जनौं राजनैतिक अधिकारीहरूको आवश्यकता छैन । उनीहरू आफूले पाएको जिम्मेवारी पूरा गर्नुको सट्टा नेपालका राजनैतिक दलहरूलाई उचाल्ने र पछार्ने कार्य मात्र गरिरहेका हुनाले अब अनमिनलाई हटाएर त्यही ठाउँमा एउटा प्राविधिक टोलीमात्र केही समय नेपालमा राख्नु उपयुक्त हुनेछ । अनमिनले माओवादीका पूर्व लडाकूहरू रहेको शिविरमा अनुगमन नगरेको हुनाले माओवादीका कतिपय कार्यकर्ताहरूले बाहिर अपराध गरेर शिविरमा लुक्ने गरेका थुप्रै उदाहरणहरू भेटिएका छन् । उदाहरणका लागि कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठलाई शिविर भित्रै लगि हत्या गरिएको थियो । हालसम्म पनि उनका हत्यारा कालीबहादुर खाम शिविर भित्रै लुकेर बसेका छन् । अनमिनले उनलाई प्रहरीको जिम्मा लगाउन सकेको छैन । यसरी आफूले पाएको जिम्मेवारी पूरा नगर्ने अनि पदावधि मात्र थप्ने खोज्ने अनमिन प्रमुख ल्यानग्रेण्डको दोहोरो चरित्रले गर्दा नेपालको जारी शान्ति प्रक्रिया र संविधान निर्माणको कार्यलाई कुनै हालतमा पनि सघाउ पुग्दैन । विश्वका धेरै देशहरूमा संयुक्त राष्ट्रसंघले पठाएको राजनैतिक मिशनसले शान्ति बहाली गराउन सकेको छैन । कतिपय मुलुकहरूमा त उ ३० वर्षसम्म बसेको इतिहास छ । तसर्थ अब अनमिनको म्याद थप्नुको सट्टा जतिसक्दो छिटो उसलाई बिदा गर्नु नै नेपाल र नेपालीको हितमा हुनेछ ।

# राजनीतिज्ञको दिल्ली लसपसले राष्ट्रिय संकट बढ्दैछ

*राजन कार्की*

देश देशजस्तो हुनुपर्छ, देशलाई ज्यूँदो राख्न संचेतन बर्ग, राजनीति र देश हाँक्ने नीति र नागरिक सरकार चाहिन्छ। यसैको अभावले गर्दा नेपालीसँग देश छ, देशको नागरिकताको प्रमाणपत्र पनि छ तर सबलाङ्ग नागरिक भएर बाँचेको अनुभूति छैन। नेतामा पाखण्ड भरिएकाले राष्ट्र सिन्के बरफ बन्दै गएको छ। सत्य के पनि हो भने नेपालीका लागि नेपालभन्दा राम्रो अर्को ब्रम्हाण्ड र बैकुण्ठ छैन। नेताहरूले नेपालीको यो ब्रम्हाण्ड भुकाउन घुँडा टेकेकाले प्रश्न उठेको छ- यी राजनीतिक दलहरूको राष्ट्रवादको परिभाषा के हो ?

राजतन्त्र हुँदा राजाको जयजयकार गीत सुनिन्थ्यो, जनयुद्ध रोकिएर सम्पन्न भएको संविधानसभापछि रक्तस्नान गर्नेहरू भ्रष्टाचारको रसायन स्नान गर्न थाले। कूशासन चलाउनेहरू लोकतन्त्रको गुलछर्रा उडाउन थालेका छन्। यो देखेर आफ्नै देशमा शरणार्थीजस्ता बनेका जनता स्तव्ध छन्। किनभने बुद्ध ध्यानास्थ छन्, जंगेको भूत खली खाइरहेको छ। श्री ३ ले नाचगान गर्ने महल र चीनले उपहारमा दिएको वीरेन्द्र अन्तर्राष्ट्रिय भवनमा दलहरूको अपवित्र राजनीतिक रतिराग जारी छ। पौरखजति दिल्लीमा बुझाएर आएकाहरूबाट एउटा मञ्जुश्री जन्मने जनआशा संविधानसभाको नवौं पटक कार्यसूचीको परिवर्तनमा नौनाडी गलेर मरिसक्यो। संविधान 'टेष्टट्यूव बेबी' भएर जन्मने सुरसार गर्दैछ।

हिजो हिन्दूराष्ट्र थियो, मूर्तिपूजा हुन्थ्यो। मूर्तिमा भगवानको अवतार देख्ने मान्छेका आस्था र विश्वास झल्किन्थ्यो। धर्मनिरेपेक्ष राष्ट्र बन्नासाथ सबै हनुमान नगाराहरू आज बाँदर सेनामा परिणत भएका छन्। छुट्याउनै मुस्किल छ- कुन कृष्ण हुन्, कुन कंश ? जित्नेका काँध पनि हनुमानहरूको फूलमाला र अबिरजात्राले रातामे छ, हार्ने शीरदेखि पाउसम्म फूलका मालाले थिचिएका छन्। लोकतन्त्रको यो भीडभाड र जात्रामा को जनवादी, को जनविरोधी ? चामल, कनिका र धान केलाउन र पहिल्याउन सकिने अवस्था रहेन।

नेपोलियनले भनेका थिए- These men have no blood in their veins, nothing but frozen politics. जनता गरिब हुँदै र नेता धनी हुँदै गएको अवस्थालाई नेपोलियनले नेताको नशामा रगत नभएको र चिस्सिएर जमेको राजनीति देखेका होलान्।

दार्शनिक जिलासले पनि सामन्तवाद देखेका थिए। हुने र नहुनेको वीचको विषमता बढ्दैछ। यही विषमता हटाउँछु भन्ने बर्ग देश बेच्न तैयार हुने यो कस्तो लोकतन्त्र ? पारदर्शी हुनुपर्ने राजनीति कवि मोहन कोइरालाको कविताजस्तो, कलाकार रागिनीको अमूर्त कलाजस्तो बुझ्न कठिन छ। आफ्नै नाभीको सुगन्धसहितको शक्ति थाहा नपाएर भौंतिरिने कस्तो हुस्सु राजनीति ? हुस्सुपनले नेताहरूलाई तेस्रो लिङ्गीको अवतारमा पुर्‍यायो। म सन्नाटामा छु- मार्क्सवाद, माओवाद, समाजवाद, जनवाद र यिनीहरूभित्रको राष्ट्रवाद कसरी तेस्रो लिङ्गी हुनपुग्यो ? पोई मरेकी राँडी आईमाईले सबैलाई मैजस्तो भएस् भन्छे रे। तेस्रो लिङ्गीमा विकसित लोकतन्त्रवादी दलका रथी महारथी नेताहरू आफूलाई मात्र अग्रगामी देख्छन्, बाँकी सबैलाई पश्चगामी, प्रतिगामी,

राजतन्त्र हुँदा राजाको जयजयकार गीत सुनिन्थ्यो, जनयुद्ध रोकिएर सम्पन्न भएको संविधानसभापछि रक्तस्नान गर्नेहरू भ्रष्टाचारको रसायन स्नान गर्न थाले। कूशासन चलाउनेहरू लोकतन्त्रको गुलछर्रा उडाउन थालेका छन्। यो देखेर आफ्नै देशमा शरणार्थीजस्ता बनेका जनता स्तव्ध छन्। किनभने बुद्ध ध्यानास्थ छन्, जंगेको भूत खली खाइरहेको छ। श्री ३ ले नाचगान गर्ने महल र चीनले उपहारमा दिएको वीरेन्द्र अन्तर्राष्ट्रिय भवनमा दलहरूको अपवित्र राजनीतिक रतिराग जारी छ।

अप्रगतिशीलको आक्षेप लगाउँछन्। यिनका धारणाको यो संकुचनले देशका चेत र चेतनाहरू बिचेत छन्। नीलहीरा समाज त एक रङ्गी छ। लोकतान्त्रिक राजनीतिमा उदाएका यी तेस्रो लिङ्गी अनुहारहरू रङ्गीचङ्गी छन्। तेस्रो लिङ्गी दलका झोला भिर्ने चेत र चेतनशीलहरू चुरोटका विभिन्न मार्कामा झैं दलीयतामा बिभाजित छन्। जुनसुकै मार्काका भए पनि नेकोटिन अमृत बन्न सक्दैन। यिनीहरू आफूले भिरेका झोलामा जे बोक्छन्, त्यही बोल्छन्, यिनीहरू देश र जनताका कुरा बोल्दैनन्। चेतनको यो लङ्गडो चरित्र, विवेकहीन बलात्कारीभन्दा कम अपराधी छैन। समाजका आँखा, देशका निर्देशक यो बर्गले बोलिदिएको भए, राजनीतिले यसरी तेस्रो लिङ्गीमा परिणत हुन सक्ने थिएन। तैपनि यो बर्गले कहिल्यै अपराधबोध नगर्नु निन्दनीय छ। यिनीहरू यही माटोका सन्तान हुन् कि तेस्रो लिङ्गीको संसर्गमा लिङ्परिवर्तनमा परेका हुन् ? यिनीहरूको भूमिपुत्रको प्रमाण शंकामा परिसकेको छ।

२०६६ साल भदौ ८ गतेको तरुण साप्ताहिक पत्रिकाको अन्तिम पृष्ठमा सन्ध्या लामाको अन्तर्वार्ता छापिएको छ। सन्ध्या लामाको खुलस्त धारण यस्तो छ- 'म तेस्रो लिङ्गी हुँ। लिङ्ग बालक भएर जन्मेको अर्थात् जैविक लिङ्ग पुरुषको तर व्यवहार स्त्रीको छ। मेरो न्वारानको नाम सञ्जीव हो। मि. पिङ्क प्रतियोगितामा प्रथम भएपछि मैले एड्स एम्बेसडर उपाधि पाएँ। तेस्रो लिङ्गीले मल्टी पार्टनर अपनाउनु पर्छ। हामीसँग महिलाकै अनुभूति हुन्छ। हामी परपुरुष नै मन पराउँछौं। हामी हाम्रो यौनिकता थाह पाउने र त्यसबाट यौन सन्तुष्टी लिने पुरुषको खोजीमा हुन्छौं। हामी सबै काम महिलाकै जस्तो गर्छौं। यौन सम्पर्क चाहिं मलद्वारमा गर्नुपर्छ।'

सन्ध्या लामाको यो स्पष्ट अभिव्यक्ति र नेपाली राजनीतिको अस्पट चरित्र दाँज्ने हो भने पानी र पानी झैं, पानीजस्तै समानता देखिन्छ। नील हीरा सदस्य सन्ध्या (सञ्जीव) प्राकृतिक संरचनामा यति स्पष्ट छिन्, सम्मान गर्न मन लाग्छ। तर हाम्रो नीलो राजनीति अस्पष्ट छ र अप्राकृतिक चरित्रमा विकसित भइसकेको छ। यो देख्दा मनमा घृणा उब्जन्छ। आफ्नो धर्ती र आकाश खोज्नुको परिणाम अर्कै हुन्छ। जब राजनीतिले टेकेको धर्ती छाड्छ त्यो बेश्याबृत्ति हुनपुग्छ। नेपाली नेताहरू नाठो खोज्दै घरिघरि दिल्लीमा भौंतारिन पुग्छन्, झरनाको पानी यिनलाई मीठो लागेन र राजनीतिक इन्धन खोज्न दिल्ली जान्छन्, यस्तो राजनीति तेस्रो लिङ्गी नभए के हो ? यो राजनीति नेपालका निम्ति कि भारतका निम्ति ?

सबैले छर्लङ्गै देखेका छन्- नेपाली राजनीतिका कुनै पनि पात्रका लागि सत्ता, शक्ति, सन्तान र सम्पत्ति धर्म-कर्म, नीति-निष्ठा र परमेश्वर बनेको छ। लोकतन्त्र मानसिक रोगी र देश बर्बादीको सिकार हुनुपरेको, राजनीति तेस्रो लिङ्गी भएकै कारणले हो। कति निर्मम छन् नेताहरू ? यिनलाई देशको सिमाना के हो ? अतिक्रमण कहाँ, किन भइरहेको छ ? नेतामा स्वाभिमान र दायित्व कस्तो हुनुपर्छ ? देशको स्वतन्त्रताको महिमा कति मूल्यवान हुन्छ ? मतलव नै राख्दैनन्। आयातित जङ्क फूडजस्तो आयातित जङ्क राजनीतिले राष्ट्र फुलेकोछ, मोटायो भनिन्छ। एकरुपी सामन्तवादको ठाउँ बहुरुपी शोषकका रुपमा जन्म लिएको छ। शान्ति र संविधान आए पनि सिमाना र स्वतन्त्रताको मूल्यमा आयो भने यी तेस्रो लिङ्गीहरू पराधीन प्रान्तका मुख्यमन्त्री बन्नसक्छन्। यी त त्यसै पनि दिल्ली दौड लगाइरहने तेस्रो लिङ्गी संस्कारमा ढालिएका प्राणी हुन्। यिनका कारणले नेपाली राष्ट्रवादले हार्‍यो भने त नेपालकै जय नेपाल हुनेछ। नेपालमा तेस्रो लिङ्गी राजनीति राष्ट्रियताको मृत्युको कारक बनेर चलिरहेको छ। यी त दास हुन्, कालीदास बन्न सक्छन्, नेपाल कालिदास बन्न सक्दैन। सत्ता, सम्पत्ति, सन्तान र शक्तिको 'आनन्द सम्भोग'को लागि तेस्रो लिङ्गी राजनीतिको दिल्ली लसपस राष्ट्रिय संकट बन्दैछ।

निश्चय नै जन-भयमुक्त राजनीति अराजक हुन्छ। कौटिल्यको कथन छ- सामाजिक संस्था जन-भयबाट त्रस्त हुनुपर्छ। यहाँ त संस्थाहरूबाट जनता भयभित छन्। राणा शासनले सुगौली सन्धिमा गुमेका बाँके, बर्दिया, कैलाली, कञ्चनपुरजस्ता नयाँ मुलुक फिर्ता ल्यायो। लोकतन्त्रका तेस्रो लिङ्गीहरू सीमा अतिक्रमणप्रति चुपचाप बसेर भारतलाई दक्षिणा चढाउँदै छन्। कमजोर जनतामाथि बलवान बन्नेहरू देशरक्षा र जनरक्षाका सवालमा प्रतिभाशाली गुणस्तरीय देखिन सक्दैनन्। देश मिच्नेसँग अँगालो मार्ने, उसलाई आफूतिर तान्ने र लसपस गर्नमा मजा मान्ने राजनीति तेस्रो लिङ्गी नै हो। यस्ताको आफ्नोपन, अस्तित्व र सतित्व हुँदैन। यस्तो चरित्रलाई रित्ता ढ्वाङ् र दुईमुखे पुङ्माङ् भन्दा हुन्छ।

गुरु चाणक्य र दार्सनिक सुकरात कुरुप थिए, तर उनको बुद्धी बेजोडको थियो। काम असल गरे। जङ्गबहादुर होचा र बेरुपका थिए तर जहाँनिया शासन चलाए पनि सिमानाको सुरक्षा गरे। जनताले अतिविश्वास गरेका लोकतन्त्रवादी नेताहरू, जनताले यिनीहरूबाट रामराज्यको अपेक्षा गरे, यिनले राक्षसराज चलाए। लोकतन्त्रको महावृक्ष झाङ्गियोस्, छहारी पाइयोस् भन्ने जनआकांक्षामा तुषारापात गरिदिए। पुरातात्विक आधारमा चौथो शताव्दी ई. देखि नेपाल एक राष्ट्रका रुपमा थियो। समुद्रगुप्तको प्रयाग स्तम्भमा नेपाल एक सांस्कृतिक राज्य थियो। लोकतन्त्रको तेस्रो लिङ्गी राजनीतिले नेपाललाई भारतको प्रान्तभन्दा कमजोर स्थितिमा धकेलिदियो। नेपाल-भारत र अमेरिकाको राजनीतिक प्रयोगशाला बन्न गयो। राजनीतिको यति भद्धा र यति घृणित अराष्ट्रिय, अमानवीय र राष्ट्रघाती चरित्र देखेपछि यिनीहरूबाट अब पनि आशा गर्न सकिन्छ र ? अपेक्षा तेस्रो लिङ्गीहरूको पतनको र प्रतिक्षा नयाँ पुस्ताको उदयको छ।

## आयल निगममा ढुवानी र चुहावटमा भ्रष्टाचार

काठमाडौं / नेपाल आयल निगम व्यवस्थापनले घाटा संचिति गरेर बढाएको मूल्यबाट देखिएको मुनाफमा बोनस खुवाएर कर्मचारीलाई खुशी पार्ने र व्यवस्थापनले ढुवानी र चुहावटबाट भ्रष्टाचार गरेर करोडौं करोड खाने दाउ यि दुवैको पोल खुलेको छ। नेपाल आयल निगम व्यवस्थापन र ढुवानीकर्ताको मिलोमतोमा रक्सौलबाट ल्याउने गरेको पेट्रोलियम पदार्थ वरौनीबाट आयात गर्दा एक लिटरमा १ रुयैयाँ १३ पैसा महँगो पर्छ। यसबाहेक एक ट्यांकर पेट्रोल, डिजल अमलेखगञ्जसम्म ल्याउँदा १ सय ३५ लिटरसम्म चुहावट हुने गरेको रहस्य पनि खुलेको छ। यी दुवै तथ्याङ्कले के देखाउँछ भने आयल निगम भ्रष्टाचारको गन्धे नाली हो।

दशैंको मौका पारेर व्यवस्थापनले अमलेखगञ्ज डिपोलाई एकाएक बरौनीबाट तेल ल्याउन दिएको आदेश भ्रष्टाचारकै लागि हो भन्ने कुरा रक्सौलबाट तेल आयत गर्नुकौ कुनै पनि रहस्य नभएको बाट पनि प्रष्ट हुन्छ। निगम र पम्पहरूबीच मिलोमतो गरेर मूल्यबृद्धि गर्ने, निगम र ढुवानीकर्तासँग मिलोमतो गरेर रक्सौलको बदला बरौनीबाट तेल ल्याउने र चुहावटको मात्र एकै ट्यांकरमा १ सय ३५ लिटरसम्म हुने भएकाले आयल निगम भ्रष्टाचार निगम हो भन्न सकिन्छ। तर नियन्त्रण इकाईहरू निगमभित्रको यो कुशासन र अव्यवस्था किन देखिरहेको छैन ? कतै निगमले तिनलाई पनि भागशान्ति पनि पुर्‍याएको त छैन ?


**विश्व हिन्दु महासंघको अनुरोध**

हिन्दु, हिन्दुत्व र हिन्दु राष्ट्रको रक्षाका लागि समस्त हिन्दुहरू ओमकार परिवार एक हौं।

**विश्व हिन्दु महासंघ**

केन्द्रीय कार्यालय : बाँसबारी, काठमाडौं
फोन : ४३७०३२२

# India Needs "Azadi" from its Tinted Vision

**Khalid Awan**

Fact is staring in the eyes of Indians, Kashmiri youth want to get rid of Indian yoke come what may be the cost.

Their demonstration of frustration and anger in the face of bullets and curfews bear testimony to this fact. Indian authorities, right from the beginning, have been blaming Pakistan for fomenting trouble in Kashmir and instigating the Kashmiri youth to rise in revolt against Indian sovereignty. But the facts speak for themselves; the struggle of Kashmiri youth is indigenous and justified.

The Indian Union Home Minister, P Chidambaram repeated the same mantra recently, saying that Pakistan based organizations were behind the ongoing agitation in the Kashmir valley and the protesting youth were being supported by Pakistan. However, an opinion poll conducted by the Outlook magazine of India in association with the Marketing and Development Research Associates (MDRA) has totally nullified the Indian propaganda, while exposing some of the hard facts about the Kashmir movement.

The poll conducted in Srinagar revealed that 75 percent of those polled did not see Pakistan behind the protests in the occupied territory and believe that it is an indigenous struggle. A majority of respondents recorded their anger against the New Delhi government saying that it was responsible for the whole mess. A majority has described yearning of liberation amongst the Kashmiri masses as the main factor of the current situation.

This is part of the Indian delaying tactics to divert the attention of international community by levelling blame on Pakistan. For how long, India will succeed in hiding the truth and gruesome ground realities by blaming Pakistan for its wrong doings? Kashmir is burning, innocent youth is being killed and daily life has gone stand still but the agitated masses are yet coming on street to ask for their legitimate right of self determination. Indian authorities must realize that they are themselves responsible for current deteriorated situation in IOK, and throwing muck on someone else will neither improve the situation nor let them succeed in achieving their false claim.

The opinion poll of the Outlook magazine must serve as an eye opener for India as well as the international community. India must give up its ostrich like attitude and take cognisance of the ground realities. The people of Kashmir have made themselves abundantly clear that they will not reconcile with the Indian illegal occupation of Jammu and Kashmir, come what may. The loud and clear message has been reaffirmed by the fresh surge in Kashmiris' struggle. The writing on the wall is what noted human rights activist and author Arundhati Roy, "India needs azadi (freedom) from Kashmir as much as Kashmir needs azadi from India."

The international community should not be misled by India's false propaganda and it should reciprocate the indigenous movement of the Kashmiri people by providing them the right to decide their fate by themselves. This is what has been pledged to them through the relevant United Nations resolutions and the World Body can no longer afford to remain indifferent to its responsibility of holding a plebiscite in Jammu and Kashmir.

# पाकिस्तानमा फुटबल बनाउने उद्योग सङ्कटग्रस्त

***जोफिन इब्राहिम***

करॉंची / बेलायती राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक फाबियो कापेल्लोले जेबुलानी विश्वकप बल ( भकुण्डो) को वेरीतको उडानका कारण प्रतियोगिताको इतिहासमै सबैभन्दा "खराब बल" को सज्ञा दिँदै निराशा प्रकट गरेका छन् । श्रम अधिकारकर्मी समूहहरूले बलको विषयमा अझ बढी गुनासो गरेका छन् । फुटबल उत्पादन गर्ने कामदारको जीवनमा भने झिनो सुधार आएको थियो, श्रम अधिकार समूहहरूले भनेका छन् । उनीहरूले बल उत्पादन गर्ने कारखाना, सिलाउने केन्द्र र घरमा दिनरात मेहनत गर्नेहरूले नाफाको केही अंशमात्र पाएको भन्दै निन्दा गरेका छन् । सन् १९९० सम्म फुटबल उत्पादनमा विश्व बजारको झण्डै ८५ प्रतिशत हिस्सा पाकिस्तानले ओगटेको थियो । हरेक वर्ष झण्डै ६ करोड फुटबल उत्पादन गर्न यस व्यवसायमा ८५,००० ले रोजगारी पाउँदै आएका छन् जुन २१ करोड अमेरिकी डलरको व्यापार हो, अंग्रेजीभाषी पत्रिका "एक्सप्रेस डेली" को समाचारमा उल्लेख छ ।

दक्षिण एसियाली राष्ट्र पाकिस्तानले हालका वर्षहरूमा बलको उत्पादनमा विश्व बजारको ३० देखि ४० प्रतिशतको हाराहारीमा मात्र काम पाउन थालेको छ । जर्मनीमा सम्पन्न पछिल्लो फिफा विश्वकपका निम्ति पाकिस्तान छनौट हुन नसके पनि यसले आफ्नो उपस्थिति हरेक खेलमा जनाएको थियो । फिफा विश्वकप २००६ मा प्रयोग गरिएका बलहरू खेलसामाग्री र चिकित्सा उपकरण उत्पादनका निम्ति चिरपरिचित पञ्जाब प्रान्तको उत्तर-पूर्वी सहर सियालकोटमा हातैले सिलाइएका थिए । तर दक्षिण अफ्रिकामा सम्पन्न सन् २०१० को विश्वकपमा एडिडासले आधिकारिक फुटबलको रूपमा चीनमा मेसिनको सहायताले निर्माण गरिएको "जेबुलानी फुटबल" प्रयोग गर्ने निर्णय गरेको थियो । महिला अधिकारको संरक्षणमा क्रियाशील गैरसरकारी संस्था बेडारीका कार्यकारी निर्देशक अर्सिद महमुद मिर्जा १५ वर्षदेखि फुटबल व्यापारमा संलग्न श्रमिकको अधिकारका निम्ति कार्यरत छन् । "पाकिस्तानी फुटबल उद्योगले प्रविधिगत प्रगतिसँग आफ्नो पाइला चाल्न नसक्नु दुःखद हो," उनी दुःख व्यक्त गर्दछन् । तर, पाकिस्तानी फुटबल उद्योग ध्वस्त हुनुमा प्रमुख पक्ष बालश्रमको अत्यधिक प्रयोग रहेको बताइन्छ । सन् १९९६ मा "लाइफ" पत्रिकामा पाकिस्तानी बालबालिकाले प्रतिघण्टा ६ सेन्टका दरले फुटबल सिलाउने गरेको समाचार प्रकाशित गरेको थियो ।

अन्तर्राष्ट्रिय श्रम संगठन र पञ्जाब श्रम विभागद्वारा गरिएको मूल्याङ्कनमा फुटबल उत्पादन प्रक्रियामा झण्डै ७,००० बालबालिका संलग्न रहेको तथ्य सार्वजनिक गरिएको थियो, मिर्जाले बताए । यस घटनाबाट मर्माहत पाकिस्तान सरकारले अन्य खेलसम्बद्ध व्यवसायीको पहलमा यस उद्योगबाट बालश्रम समाप्त पार्ने अभियान सञ्चालन गरेको थियो । सन् १९९७ मा अन्तर्राष्ट्रिय श्रम संगठन, सियालकोट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री तथा राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) बीच एउटा सम्झौता गरियो जसले यस उद्योगबाट बालबालिकालाई हटाउने सहमति गरेको थियो । "घरमै काम गर्ने कामदार बालबालिका सम्बन्धमा भने अनुगमन गर्न सकिने अवस्था छैन, त्यसैले सन् १९९८ मा सरकारले उद्योगीसँगको सहयोगमा घरमा हुने कामलाई निरुत्साहित गर्नेगरी फुटबल सिलाउने केन्द्रहरू स्थापना गरिएका थिए," सियालकोट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका पूर्वअध्यक्ष एवम् क्यापिटल गुड्स इन्डस्ट्रीका प्रमुख कार्यकारी ख्वाजा जकाउद्दीन सम्झन्छन् । आजका मितिसम्म झण्डै १३० वटा ठूला उद्योगले यस कार्यक्रममा सहभागी भइसकेका छन् । फुटबल सिलाउने काममा बालबालिकाको प्रयोगमा प्रस्टैरूपमा गिरावट आएको भए पनि वासिङ्टनस्थित अन्तर्राष्ट्रिय श्रम अधिकार मञ्च (आइआरएलएफ) ले बालश्रम अझै बाँकी रहेको र यो कार्य घरघरमा बालश्रमिकका माध्यमबाट हुने गरेको दाबी गरेको छ ।

यसवर्षको फिफा विश्वकप अघि प्रकाशित गरिएको प्रतिवेदनमा आइआरएलएफले नयाँ अनुसन्धान सार्वजनिक गर्दै एउटा बल सिलाएबापत् कामदारले एकदेखि दुई अमेरिकी डलरमात्र पाउने गरेको औंल्याएको छ । प्रत्येक बलको खुद्रामूल्य एकसय वा सोभन्दा बढी अमेरिकी डलर पर्दछ । पाकिस्तानका सातवटा आपूर्ति केन्द्रमा कार्यरत २१८ जना कमदारसँग लिइएको अन्तर्वार्तामा आइआरएलएफले ७० प्रतिशतले आफूहरू अस्थायी श्रमिक रहेको र "अधिकाँशले कानुनले तोकेको न्युनतम ज्यालाभन्दा कम पाएको" गुनासो गरेको जनाएको छ । यस अध्ययनले लैंगिक आधारित विभेद समेत हुने गरेको दाबी गरेको छ किनभने घरमा काम लगाइने महिलाले ज्यादै न्यून ज्याला पाइरहेका छन् । पाँच सन्तानकी आमा चालीस वर्षीया जोसेफाइन फ्रान्सिस घरमा कामगर्ने कामदार हुन् जसले विगत १० वर्षदेखि बल सिलाउने काम गर्दै आएकी छिन् तर उनले आफ्नो रोजगारीका निम्ति कुनै पनि करारमा सही गरेकी छैनन् । उनलाई आफ्ना रोजगारदाता को हुन्, उत्पादित सामान कहाँ बिक्री हुन्छ, र कति मूल्यमा बिक्री हुन्छ भन्ने समेत थाहा छैन ।

"मलाई थाहा भएको कुरा भनेकै एउटा बल सिलाएबापत मैले ३५ रूपैया (४० सेन्ट) पाउँछु । मैले सुनेअनुसार एउटा बल ३०० देखि ६०० रूपैया ( ३.५ देखि ७ अमेरिकी डलर) मा बजारमा बिक्री हुने गरेको छ," सियालकोटबाट टेलिफोनमा उनले आईपीएसलाई बताइन् । "केही महिना अघिसम्म एउटा बल सिलाएबापत मैले २५ रूपैया (२९ सेन्ट) पाउँदै थिएँ र यही दर वर्षौंसम्म कायम थियो ।" फ्रान्सिसले घरयासी काम सकेर एक दिनमा चारवटासम्म बल सिलाउन सक्छिन् । तस्लिम बिबीको वेदनामा कुनै भिन्नता छैन ।

फ्रान्सिसजस्तै उनले प्रतिबलको ३० रूपैया (३५ सेन्ट) कमाउँछिन् । "दरमा फरक छ," बिबीले भनिन् । उनी आफ्ना निम्ति काम ल्याउने बिचौलियालाई केही भन्ने साहस गर्दिनन् । "हामीले धेरै गुनासो गरेमा ऊ जहाँ पनि जानसक्छ । हामीभन्दा सस्तो दरमा काम गर्नेहरू पनि धेरै छन्," उनले बताइन् । तर केहीले आइआरएलएफको प्रतिवेदनप्रति प्रश्न गरेका छन् । अवान स्पोर्टिङ गुड्स इन्डस्ट्रीका निर्देशक घजानफार अली अवानले उनका ४५० वा सो बराबरका कामदारलाई मासिक न्यूनतम ६,००० रूपैया (७० अमेरिकी डलर) भुक्तान गर्दै आएको बताए । ती कामदारले ओभरटाइम, सामाजिक सुरक्षा, वृद्धभत्ता र स्वास्थ्यजस्ता सुविधा पनि प्राप्त गर्दछन् । बालबालिकाले श्रम गरिरहेको भन्ने केही मुद्दाहरू नियमन नगरिएका र साना उद्योगमा हुनसक्छन् जसलाई आइएलओले पनि समाप्त गर्न सक्दैन, अवानले भने ।

सबै कामदारका निम्ति "न्यायोचित ज्याला, अधिकार र सुविधाका निम्ति दरिलो लेखा र अनुगमन प्रणाली स्थापित हुनुपर्दछ," मिर्जाले बताए । बालश्रम समाप्ती र अस्थायी श्रमशक्तिलाई नियमनका साथै पाकिस्तानको फुटबल बनाउने उद्योगलाई नयाँ प्रविधिबाट सुसज्जित गर्न सकेमा आगामी विश्वकपमा प्रभाव कायम राख्न सक्दछ । सरकारी लगानीको खेल उद्योग विकास केन्द्र चाँडै खुल्ने क्रममा छ, ख्वाजा भन्छन् । "यो सन् २०११ मा स्थापना हुनासाथ हामीले आठ घण्टाको अवधिमा ३,००० भन्दा बढी फुटबल, भलिबल र बास्केटबल उत्पादन गर्न सक्नेछौं," उनले भने ।

**फुटबल उत्पादन गर्ने कामदारको जीवनमा भने झिनो सुधार आएको थियो, श्रम अधिकार समूहहरूले भनेका छन् । उनीहरूले बल उत्पादन गर्ने कारखाना, सिलाउने केन्द्र र घरमा दिनरात मेहनत गर्नेहरूले नाफाको केही अंशमात्र पाएको भन्दै निन्दा गरेका छन् । सन् १९९० सम्म फुटबल उत्पादनमा विश्व बजारको झण्डै ८५ प्रतिशत हिस्सा पाकिस्तानले ओगटेको थियो ।**

# मधेशी मुद्दा र हदबन्दीको सवाल

***विकास कुमार तिवारी***

नेपाली जनताले गरेको महान जनआन्दोलन र विगतमा भएको मधेश आन्दोलनहरूको कारण यो देशमा २४० बर्ष देखिको केन्द्रिकृत एकात्मक शासन प्रणाली समाप्त भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो। आन्दोलनका संवाहक एवं परिवर्तनकामी शक्तिहरूको पक्षमा नेपाली जनताले संविधान सभाको निर्वाचनमा आफनो मत दिएका हुन्। नयाँ नेपाल निर्माण गर्न नयाँ संविधानमा मधेशलाई सम्पर्ण रूपमा अधिकार सम्पन्न बनाउनका लागि मधेशी जनताले मधेशवादी शक्तिहरूलाई जनादेश दिएका हुन्। तर राज्य, सरकार र संविधान निर्माणका लागि गठित संविधान सभाका विषयगत समितिहरूबाट नीयतवस मधेशका मुद्दाहरूलाई षड्यन्त्रपूर्ण ढंगले गणितीय खेलको आधारमा विस्थापित गराईदैछ। महान मधेश आन्दोलन, मधेशी जनताको भावना, चाहना र माग, मधेशी शहीदहरूले बगाएको रगतको उपेक्षा भईरहेको छ।

संविधान सभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिले हालै तयार पारेको मस्यौदाको बुदाँ नं. ५ (२) मा राज्यले वैज्ञानिक, क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दी भन्दा बढी जमिन कानुन बमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्ने उल्लेख गरेको छ।

नेपाल सद्भावना पार्टीले यस्तो व्यवस्थालाई राज्यको सुरुदेखि रहिआएको मधेशलाई कमजोर गर्ने, फुटाउने र आपसी द्वन्द्वमा अल्झाइ राख्ने, मधेशीलाई मधेशमै अल्पसंख्यक बनाउने, मधेशका विपन्न वर्गलाई मृगतृष्णाको भुलभुलैयामा राखी उनीहरूको भोटको शोषण गर्ने मधेशी समुदायविरुद्धको षड्यन्त्रको रूपमा लिएको छ। वि. सं. २०२१ सालदेखि हालसम्म सरकारको जमीन हदबन्दी नीतिअन्तर्गत प्राप्त जमीन वा मधेशको हजारौं हेक्टेयर जंगल फडानीले प्राप्त जमीनको एक ईन्च पनि मधेश वा भित्री मधेशका कुनै मधेशीले पाएका छैनन्।

नयां संविधानमा स्वायत्त मधेश स्थापनाको लागि मधेशी समुदाय बीच अभूतपूर्व एकता सुदृढ हुँदै गएको बेला मधेशविरोधी दलहरूले हदबन्दीजस्ता विवादित विषयलाई लिएर मधेशी एकतालाई भताभुंग पार्न जमिनको राजनीति पन: गर्न खोजेको हो। यस्तो बेलामा मधेशवादी शक्तिहरूसमेतलाई सचेत रहन र मधेशविरोधी तत्वहरूलाई परास्त गर्न संघर्षका कार्यक्रम लिएर ।प निर्णायक मधेश आन्दोलनका लागि तयार हुन सबै मधेशी जनसमदाय सँग अपील गर्दछ।

विक्रम संवत् २०२१ सालदेखि २०५६ सालसम्म पटकपटक गरिएको हदबन्दीबाट जफत गरिएको जग्गाको विवरण के छ ? त्यस्तो जग्गाको परिणाम के भयो ? हदबन्दीबाट कुन क्षेत्रमा के कस्तो लाभ भयो ? हदबन्दीको भौतिक उद्देश्य के हो ? त्यसबाट कति जग्गा प्राप्त हुन्छ ? र त्यसरी प्राप्त हुने जग्गा को परिणाम के हुन्छ ? भन्ने सवाललाई सामुन्ने राखी उत्तर खोज्ने हो भने हदबन्दी फगत मधेशविरोधी राजनीति ठहर हुन्छ।

वैज्ञानिक तथा क्रान्तिकारी भूमिसुधार भनेको जग्गाधनीसँग जग्गा खोस्ने नीति मात्र होइन, हरित कान्ति र सहकारी खेती प्रणाली को नीति ल्याई खेती योग्य जमिनलाई बाह्रै महिना हराभरा बनाउने हो। राज्यले सिंचाई, आवश्यक वीउ, कृषि सामग्री, मल, कीटनाशक वा चालू पुँजीको उचीत व्यवस्था दिएको छैन। सरकारले मल उपलब्ध गराउनुको सट्टा आफ्नै देशमा मल नपाएर सीमापारिबाट ल्याउन खोज्नेलाई गोली हान्ने गरेको छ। सरकारले ल्याएको कृषि विकास बैंकको परिणाम के भयो ? लाखौं किसानको शेयर लियो ? किसानको धितोको जग्गा लिलाम मात्र गऱ्यो। नेपाली किसान चाहे धान फलाउने मधेशी हुन्, या स्याउ फलाउने हिमाली या चिया, उखु होस या अलैंची कुनै पनि स्वदेशी उत्पादनले विदेशी उत्पादनसँग स्पर्धा गर्न सक्दैन। नेपालको कृषि उपज विश्व बजारमा जान सकेको छैन। बल्कि विदेशी उपज नेपाली जनताको मुखमा कोच्ने काम सरकारले गरेको छ। यही हो बैज्ञानिक तथा क्रान्तिकारी भूमि सुधार ?

यसर्थ, भूमिसुधार गर्ने हो भने शतादिब्यौंदेखि जमिनमाथि पैदा गरिएको जटिलता हटाउनका लागि जनविरोधी जग्गा कानूनको खारेजी हुनुपर्छ। कृषि पूर्वाधारको निर्माण गरिनुपर्छ। विदेशी उपजको पैठारीमाथि रोक लगाइनुपर्छ। कृषि ऋण, औजार तथा कृषि सामग्रीको उपलब्धतालाई सरल र सुलभ बनाइनुपर्छ र कृषि उपजको बिमा तथा बजारको प्रत्याभूति दिनुपर्छ। सहकारी खेती प्रणालीले जग्गामाथिको आकर्षण र विवादलाई समाप्त पारी आपसेआस वास्तविक भूमि व्यवस्थापन हुँदै जानेछ र यसबाट विपन्न भन्दा विपन्न वर्ग लगायत खेतीहर मजदरले पनि वर्षभर रोजगारी गर्न पाउने भई जग्गा, घर, छोराछोरीको शिक्षादीक्षाका लागि सक्षम हुनसक्नेछन्।

# कार्कीलाई बचाउन छानविनको नाटक

काठमाडौं / नेकपा एमालेका सभाषद् डोलबहादुर कार्की (डीबी) र उनका सहयोगी स्वामी ब्रम्हानन्द उदासीलाई थप २० दिन थुनामा राखी अनुसन्धान गर्न विशेष अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आदेश दिएको छ। स्मरणरहोस्, निज कार्की र स्वामी उदासी १४ गते बेलुका काठमाडौंको भीमसेनगोलाबाट पैसासहित रङ्गेहात पक्राउ परेका थिए।

भ्रष्टाचारको अभियोगमा ३० दिनको म्याद माग्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा म्याद मागे पनि विशेष अदालका अध्यक्ष गौरी बहादुर कार्की र सदस्यद्वय ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको संयुक्त इजलासले २० दिन थुनामा राखी अनुसन्धान गर्न अनुमति दिएको छ। इजलासबाटै अध्यक्ष कार्कीले सभाषद र स्वामी भएपनि यस्ता काम गर्ने हो भन्दै हकारेपछि सभाषद कार्कीले आफूलाई स्वामीले बोलाएपछि स्वामीको कोठामा गएको बताएका थिए। स्वामी केही समय पहिलादेखि विरामी भएपनि स्वामीलाई देखाएर लुट्न पल्केकाहरूले स्वामीको उपचारको नाममा लुटिरहेका छन्। खोटाङका एक व्यक्तिलाई नेपाल प्रहरीमा निरीक्षक बनाइदिने सर्तमा सभाषद कार्कीले पैसा लिएको अप्रत्यक्ष रुपमा स्वीकार गरिसकेको अवस्थामा नेकपा एमालेले कार्कीलाई सभाषद्बाट राजिनामा गराउन छानविन समितिको नाटक मञ्चन गरेको छ। छानविनलाई प्रभाव नपरोस भनेर छानविन समितिका सदस्यहरूको नाम गोप्य राखिएको बताए पनि नेकपा एमालेको अनुसाशन समिति अहिले वामदेव गौतमको पोल्टामा परेको हुनाले र निज कार्की पनि वामदेव गौतमका दाहिने हात भएका हुनाले कार्कीलाई बचाउनैका लागि र जनतालाई झुक्याउनका लागि छानविन समितिको नाटक मञ्चन गरिएको सूत्रको दाबी छ। निजामति कर्मचारीहरू भने आयोगले मुद्दा चलाएकै दिन स्वत: निलम्बनमा पर्ने भएपनि सभाषद् र मन्त्रीहरूले भष्टाचार गरे के गर्ने उनीहरूका पद जानेकी नजाने भन्ने विषयमा संविधान मौन रहेको हुनाले सभाषद् कार्की र मन्त्रीहरूको पद नजाने भएपछि लुट्नैमा व्यस्त रहेने गरेका उदाहरणहरू स्वयं सभाषद् कार्की होइनन त ? के सभाषदहरूलाई कानून लाग्दैन त भन्ने प्रश्न समेत उब्जिएको हुनाले निज कार्कीलाई अबिलम्ब सभाषदबाट राजीनामा गराउनु नेकपा एमालेको जिम्मेवारी होइन र ?


# सिंचाई गरौं उत्पादन बढाऔं

## नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना (NITP)

आर्थिक, प्राविधिक, श्रोतको उपलब्धता, भौगोलिक अवस्थिति आदि विभिन्न कारणवस सिंचाई सुविधा पुऱ्याउन नसकिएको कृषियोग्य तथा कपितय अवस्थामा कृषियोग्य भनेर वर्गीकृत गर्न नसकिने क्षेत्रसमेत हाल उपलब्ध परम्परागत प्रविधिभन्दा पृथक प्रविधिको उपयोग गरी सिचांई सुविधा पुऱ्याउने उद्देश्यले दशौं याजेना तथा सिंचाई नीति अनुसार यो आयोजना आ.व. २०६०/०६१ देखि शुरुवात भएको हो। आर्थिक तथा सामाजिक रुपमा उपेक्षित एवं पिछडिएका अन्य अवसर तथा विकासको प्रतिफलबाट समेत वञ्चित ज्यादै न्यून आय भएका कृषकहरूको भूमिमा सिंचाई सुविधा पुऱ्याई दीर्घकालीन कृषि कार्यक्रमले परिलक्षित गरेबमोजिम गरिबी न्यूनीकरणका लागि कृषि उत्पादनमा बृद्धि गरी तिनलाई गरिबीको दुष्चक्रबाट निकाल्ने गरिबी निवारणको राष्ट्रिय अभियानमा केही मात्रामा भए पनि योगदान दिनु यस आयोजनाको प्रमुख उद्देश्य हो।

***हाम्रो सन्दर्भमा नयाँ प्रविधिमा आधारित सिंचाई***

हाम्रो सन्दर्भमा नयाँ प्रविधिमा आधारित सिंचाई भन्नाले निम्न प्रविधि र संरचनाहरू हुन्।

- थोपा तथा फोहरा सिंचाई
- ढिकी पम्प
- वर्षातको पानी संकलन तथा प्रयोग
- पानी संकलनका लागि न्यून लागतका पानी भकारीहरू।

यसका अतिरिक्त सिंचाइका लागि प्रयोग हुँदै आएका पुराना पोखरीहरूको आवश्यक मर्मत संभार तथा पुन:स्थापनाको काम पनि यस आयोजनाबाट हुँदै आएको छ।

***अपेक्षित उपलब्धि***

नयाँ प्रविधिका सिंचाई योजनाहरूबाट पूर्ण अपेक्षित प्रतिफल प्राप्त गर्न उपयुक्त प्रविधि र ज्ञानको समायोजन हुनु अत्यन्त महत्वपूर्ण हुन्छ। तथापि नयाँ प्रविधिको प्रयोगबाट अन्य साधारण सिंचाईको तुलनामा पनि १५-५० बढी उब्जनीको अपेक्षा गर्न सकिन्छ। साथै उपयुक्त बजार उपलब्ध भएमा र बेमौसमी बालीसमेत उत्पादन गरेमा कृषकहरूले उल्लेख्य आर्थिक उपलब्धि हासिल गर्न सक्नेछन्। अत्यन्त गरिब सिमान्त कृषकहरूलाई परिलक्षित गरी योजनाको अवधारणा ल्याइएको हुँदा सोही अनुरुप न्यून आय भएका सीमान्त कृषकहरूको आयआर्जनमा यस प्रकृतिका योजनाले उल्लेखनीय सुधार ल्याएको छ। तसर्थ गरिबी निवारणमा यस प्रकृतिका योजनाले पुऱ्यायाउने योगदानको सम्बन्धमा द्विविधा हुनुपर्ने देखिदा नै यस योजनाको अन्य राम्रो पक्षमा महिला कृषकहरूले उल्लेखनीय सहभागिता रहेको छ। परिणाम स्वरुप प्राय: सम्पूर्ण सम्पन्न योजनाका उपभोक्ता महिला कृषकको व्यक्तिगत जीवनस्तरमा नै उल्लेखनीय सुधार र परिवर्तन आएको प्रत्यक्ष अनुभव गर्न सकिन्छ।

**सिंचाइ मन्त्रालय**

**सिंचाइ विभाग**

जावलाखेल, ललितपुर, फोन : ५५३७१३६

ईमेल : irrigation@wlink.com.np, www.doi,gov.np


# ६ लाखको सामान बरामद

काठमाडौं / चोरीपैठारी गरी ल्याइएको करीव ६ लाख १२ हजार रुपैयाँ बरावरको लत्ताकपडा, इलेक्ट्रोनिक्स तथा हार्डवयरका सामाग्री एपीएफ टोलीले मोरङ्ग जिल्लाको विराटनगर १३ बाट बरामद गरी आज आवश्यक कार वाहीको लागि भन्सार कार्यालय रानीमा बुझाएको छ। सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट जोगवनीबाट सशस्त्र प्रहरी नायव उपरीक्षक अर्जुनप्रसाद सापकोटाको कमाण्डमा खटिएको एपीएफ टोलीले चोरीपैठारीको उक्त सामाग्रीहरू हिजोसाँझ बरामद गरेको हो।त्यसवेला एपीएफ टोलीको साथै स्थानीय भन्सार कार्यालयको टोलीसमेत खटिएको थियो। उक्त सामान सो ठाउँको एक घरबाट बरामद गरेको हो।

यसैगरी सशस्त्र प्रहरी बल पाथिभरा गण झापाबाट खटिएको एपीएफ टोलीले आज लत्ताकपडा तथा मोटरपार्टस् गरी करीव सात लाख ६६ हजार रुपैयाँ बराबरको ६२ बोरा चोरीपैठारीको सामान बरामद गरेको छ। भन्सार छली ल्याइएको उक्त सामान झापा जिल्लाको लखनपुर १ स्थित पाडाजुँगी चोकमा सवारी साधन जाँचगर्ने क्रममा एपीएफ टोलीले बरामद गरेको हो। सामान ढुवानी गर्न प्रयोग भएको एउटा मिनिट्रकसमेत बरामद गरिएको छ। बरामद सामान आवश्यक कारवाहीको लागि स्थानीय राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको छ। सयैगरी महोत्तरीको सम्शीबाट हिजोसाँझ एपीएफ टोलीले करीव ५५ हजार रुपैयाँ बराबरको लत्ताकपडा, जिरा, पराग तथा इलेक्ट्रोनिक्स सामान बरामद गरी आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ। चोरीपैठारीको उक्त सामाग्री सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट सम्शीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको थियो।

## नेपाली सेना...

माओवादीलाई बोकेर बसेको छ भन्ने राजनीतिक आपत्तिका सम्बन्धमा संयुक्त राष्ट्रसंघका महासविच वान कि मुन पनि अवगत छन् । भदौ ३० गते म्याद सकिने अनमिनको म्याद थप्नुपर्छ भनेर माओवादी चीन, अमेरिका, बेलायत, फ्रान्स, रुसका दूतावस हुँदै प्रधानमन्त्रीलाई गुहार गर्न पुगेको छ । आम राजनीतिक दलको विश्वास लिन छाडेर माओवादीले गरेको यो क्रियाकलाप आफैंमा अराष्ट्रिय कार्य हो । माओवादीले अनमिनको घुम्टो ओढेर देशलाई लुट्ने र दण्डहिनता बढाएर आराजक बनाउन अझै पनि सक्ला भन्ने विश्वास दलहरूले लिएका छैनन् ।

## संसद...

छन् । तर एमालेले राष्ट्रिय सहमतिको राग अलाप्न छाडेको छैन । यो स्थितिबाट स्पष्ट छ, भदौ २० गतेको प्रधानमन्त्रीको निर्वाचन फुस्सा हुनेछ । देशले प्रधानमन्त्री पाउने छैन ।

राष्ट्रपतिले राष्ट्रपति शासन लाउने त होइनन् ? भन्ने आशंका गम्भीर भएको छ । संविधानसभा विघटनको खतरा पनि उत्तिकै छ । ५ पटकको निर्वाचनले प्रधानमन्त्री दिन नसेकपछि राष्ट्र अनिर्णयको बन्दी बनेको छ । शान्ति र संविधान खतरामा परेको छ । यस्तो बन्दी अवस्थाबाट राष्ट्रपतिले निकास दिने हो भने ताजा जनादेश र राष्ट्रपति शासनको विकल्प छैन भन्नेहरू प्रशस्तै देखिन थालेका छन् । आफ्नो चीन भ्रमणलाई समेत रद्द गरेर राष्ट्रपतिले निकास दिने सम्भावना किन पनि छ भने यति नै बेला नेपाली सेनाले राष्ट्रिय सेनाको स्वतन्त्र छवि देखाउन थालेको छ । संसद, प्रचण्ड र पौडेलको नङ्गा नाच कतिञ्जेलसम्म चल्न दिने भन्ने प्रश्न पनि गम्भीर बन्दै गएको छ ।

## प्रचण्ड...

सेनालाई अलग्याएर सीमित कार्यादेशसहित केही समयका लागि अनमिनको म्याद थप गर्नुपर्ने खुराक दिएका थिए । यो बैठकमा माओवादी र फोरम अनुपस्थित रहेका थिए । माओवादीले अनमिन फिर्ता पठाउनु भनेको शान्ति र संविधान नबनाउने षड्यन्त्र हो भन्ने ठहर गरिसकेको छ ।

प्रचण्डले माधव नेपाललाई भेटेर विश्वास गर्न र अनमिनको म्याद थप्न गरेको आग्रहलाई सरकारले कसरी लिने र कति महत्व दिने हो भन्ने प्रश्न उठेपनि अनमिनको म्याद थपिनेचाहिँ निश्चित छ ।

## माओवादी...

रुपमा स्वीकार गरिसकेको छ । जिम्मेवारी पाएपछि मति सप्रन्छ भनेर पुष्पकमल दाहाललाई संसदले प्रधानमन्त्री बनायो, तर दाहालले भस्मासुर नीति लिएकै कारण उनले राजीनामा दिनु पऱ्यो । हाल बारम्बार प्रधानमन्त्रीको चुनाव भएपनि प्रधानमन्त्री चुनीन नसक्नुको कारण के माओवादीले बुझ्नु आवश्यक छैन त ? सत्ता प्राप्तिका लागि संसदीय व्यवस्थामा पार्टीहरू नागरिक पार्टी हुनै पर्दछ । माओवादीले गरेको व्यवहारबाट अन्य संसदवादी दलहरू तर्सीएका हुनाले उसको व्यवहारबाटै माओावदी संसदीय व्यवस्थाप्रति पूर्ण विश्वत छ भन्ने प्रमाण चाही रहेको छन् के त्यो प्रतिबद्धता जनाउन माओवादी तयार छ त ? माधवकुमार नेपालले राजीनामा दिंदा उठाएका कुराहरू अहिले किन माओवादीले स्वीकार गर्न सकेको छैन । यी सबै तथ्यहरूले गर्दा माओवादी पार्टी अहिले नागरिक पार्टी बन्न चाहँदैन भन्ने बुद्धिजिवीहरूको ठहर छ ।

## रावलद्वारा...

सूत्रका अनुसार उक्त रकम शान्ति सुरक्षाका लागि नभएर नेकपा एमालेको जिल्ला अधिवेशनमा जानका लागि गृहमन्त्री रावलले होलिकोप्टर प्रयोगमा खर्च गरेका थिए । नेकपा एमालेका नेताहरूलाई गृहमन्त्री रावलले खोटाङ, अछाम, ओखलढुङ्गा, सल्यान, ताप्लेजुङलगायतका जिल्लहरूमा नेता तथा कार्यकर्ता ओसार्न हेलिकोप्टर प्रयोग गरिएको भएतापनि अहिले आएर निजी प्रयोग गरिएको हेलिकोप्टरको भाडा सरकारले तिर्नु गृहमन्त्री रावलको अर्को ठगीपन हो ।

निजी प्रयोगको लागि हेलिकोप्टर प्रयोग भएपछि त्यसको बिल सदर गर्न गृहमनत्रीले गृह सचिव डा.गोविन्द कुसुमलाई दबाब दिएपनि निज कुसुमले अस्वीकार गरेपछि मन्त्री र सचिवबीच द्वन्दसमेत बढेको थियो । गृहमन्त्रालयले श्री एयसलाइन्सको २१ सिटे हेलिकोप्टरको लागि प्रतिघण्टा २ लाख ९७ हजार, डाइनेस्टी एयरलाइन्सको नौ सिटेका लागि प्रतिघण्टा १ लाख ७० हजार र फिस्टेल एयरको पाँच सिटे हेलिकोप्टरका लागि प्रतिघण्टा ९२ हजार रुपौयाँ भाडा दिने सम्झौता गरेको थियो । यसरी गृहमन्त्री रावलले गृहमन्त्रालय सम्हालेपछि करोडौं हिनामिना गरी पार्टी संगठन बलियो बनाउने नाममा जनताले तिरेको करमा ब्रम्हलुट मच्चाएकोमा त्यसलाई प्रधानमन्त्री नेपालले समेत समर्थन गरेपछि काले काले मिलेर खाउँ भाले भएन त ?

## राष्ट्रपतिसँग...

चिन्तित् रहेको सन्देश पनि प्रवाहित गरिरहेका छन् । यो विषयलाई लिएर एनेकपा माओवादीले राष्ट्रपतिप्रति आशंका जनाउँदै आपत्ति पनि प्रकट गरेको छ । माओवादीको आपत्ति बारे विश्लेषकहरूले भनेका छन्– 'संविधानसभा विघटन हुनसक्ने भएकाले माओवादी आत्तिएको हो ।'

एउटा प्रधानमन्त्री दिन नसक्ने संविधानसभा विघटन गरे हुन्छ भनेर जनस्तरबाट आवज उठ्न थालेको छ । तर सत्ता, शक्ति, तलबभत्ता, सुविधा छोड्न नसक्ने दल र सभाषदहरू निर्लज्ज भएर टाँसिएर बसेका छन् ।

## यी गर्भनर...

विराटनगर, वीरगञ्ज, भैरहवा, नेपलागञ्ज, कैलालीतिर नेपाली वा भारतीय व्यापारीहरू भारतका एटीएमबाट पैसा झिकेर नेपाल तिर ल्याउने र १ लाखको १ लाख ६५ हजारमा बेच्ने गरेकाछन् । एकै व्यक्तिसँग दशैं बैंकका एटीएम कार्डहरू हुनेगरेका छन् । नेपालमा भारुको हाहाकार गराएर भारुको प्रचलन बढाउने, मनपरी विनियमदर कायम गर्नु एकातिर राष्ट्रघात हो भने अर्कोतरि राष्ट्रबैंकले नियन्त्रण गर्न नसक्नु राष्ट्रिय अपराध पनि हो । युवराज खतिवडा गर्भनर बनेपछि आउनु पर्ने सुधार आउन नसक्नुले यी गर्भनर पनि असफल भएका होइनन त ?

## सकिन्छ...

छैन । हिजो गणतन्त्र हुँदा पनि तिनलाई 'ओ.के.' र आज थपना मात्रको र मन्दिर र गुम्बा अनि गुरुद्वार चाहार्न मात्र पाउने 'साँस्कृतिक राजा' पनि ओ. के. ! छाती ठोकेर, तिघ्रा ठटाएर, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको माग गर्ने आँट कसैलाई पनि भएन- खासगरी हिजो टन्न 'खान' पाएर आजसम्म पनि डकारी रहेकाहरूलाई । त, अवसरवादी एमाओवादीले अहिले आफ्ना केही वरिष्ठ नेताहरू मार्फत् एकातिर 'साँस्कृतिक राजतन्त्र' को तुरुप फ्याँकेर यहाँका बहुसंख्यक राजावादीहरूको सहयोग, समर्थन लिने कोशिश गरिरहेको छ र साथै भारतीय विस्तारवादलाई परेका खण्डमा आफूहरू जुनसुकै खेमामा पनि जान सक्ने सन्देश दिन खोजिरहेको छ भने अर्कातिर पार्टीका कार्यकर्ताहरू नभड्किउन भनेर 'आफूहरूलाई कुनै पनि हालतमा राजतन्त्र स्वीकार्य छैन' भनेर पार्टीको बैठकबाटै निर्णय पनि गराइरहेको छ । यो हो, एमाओवादीको चरित्र !! यसबाट पुनः के पुष्टी हुन्छ भने कि, अवसरवाद र मौकापरस्तीमा यो पार्टीलाई उछिन्न सक्ने अर्को कुनै पार्टी नेपालमा छँदै छैन भन्ने । एमाओवादी कतिसम्म र कुन हदसम्म जान सक्छ भन्न कुरा त, हालै पूर्व युवराज्ञी हिमानीलाई ति एमाओवादीहरूले दोलखामा गरेको व्यवहारबाट पनि प्रष्टै हुन्छ । त्यसकारण हामी राष्ट्रवादी, राजावादीहरूले यस्ता सडेगलेका अनि भारतीय विस्तारवादका दलालहरूको लहैलहैमा तिनको पछि पछि लाग्ने होइन कि, आ-आफ्नो 'कर्म' गर्दै जाने हो । यिनीहरू त आज 'साँस्कृतिक राजा' को रट लगाउँछन् भने भोली सर्लक्क पल्टेर 'जन-गणतन्त्र' को राग अलाप्न थाल्छन् । ...त्यसकारण यस्ताहरूको पछि लागेर समय खेर फाल्दै नफालौं । सकिन्छ, संवैधानिक राजतन्त्रको वकालत गरौं- आ-आफ्नो स्थानबाट । सकिँदैन बरु चुपचापै बसौं- आ-आफ्नो घरमा । यो 'साँस्कृतिक राजा' अनि त्यो 'जनमत संग्रह' आदि-इत्यादिको पछि लाग्दै नलागौं । बुझौं, प्रचण्डजी र कमल थापाजीमा खासै अन्तर छैन- राजतन्त्रको विषयमा । दिल्ली दरबारको 'रुख' कतातिर छ ? त्यो विचार गर्छन- यि दुवैले । र दिल्ली दरबारले यि दुवैलाई आ-आफ्नै किसिमको भूमिका दिएको छ । यिनीहरू त्यही भूमिका निभाउने हुन् । प्रचण्डले त, उही बेलाबेलामा दिल्ली दरबारलाई तर्साउन (?) मात्र 'साँस्कृतिक राजा'...!!

# लागूऔषधसहित दुई पक्राउ

झापा / झापा जिल्लाको खुदुनाबारी शिविर इलाकाबाट एपीएफ टोलीले विभिन्न किसिमका लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । सोही स्थानका २४ वर्षिय भुपेन थापाक्षेत्री र स्थानीय अनारमनि ४ बस्ने २० वर्षिय राकेश परियारलाई लागूऔषध वेचिरहेको अवस्थामा सशस्त्र प्रहरी बल भुटानी शरणार्थी सुरक्षा वेस खुदुनावारीबाट गस्तीमा खटिएको एपीएफ टोलीले शनिबार पक्राउ गरेको थियो । एपीएफ टोलीले उनीहरूको साथबाट हाइटेज सिरिन्ज १५ वटा, फेरागन इन्जेक्सन १० वटा, लुपिजेसिक इन्जेक्सन १० वटा तथा डाइजिपाम नामक लागूऔषधका १० वटा इन्जेक्सन बरामद गरेको छ । पक्राउ परेकाहरूलाई उक्त लागूऔषधसहितै एपीएफ टोलीले आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीलाई बुझाएको छ ।

धुम्रपान स्वास्थ्यको लागि हानी कारक छ । त्यसैले...

# चुहावट रोक्न नसक्नेले महसूल किन बढाउने

काठमाडौं / सरकारी लगानी रहेका संस्थाहरू मध्येको सबै भन्दा ठूलो लगानी भएको नेपाल विद्युत प्राधिकारण अहिले धरासायी अवस्थामा पुगेको छ । प्रत्येक सरकार फेरीने वित्तिकै सबै मन्त्रीहरूको आँखा प्राधिकरणमै पर्दछ । त्यहाँ ल्याइएका विलासी र महँगागाडी नै प्रधानमन्त्रीदेखि सचिवसम्मका आँखा पर्ने प्रमुख अङ्ग हुन् । एक लौटीरुपमा विद्युत आपूर्ति गर्ने जिम्मा पाएको नेपाल विद्युत प्राधिकरणमा हुने भ्रष्टचार र विद्युत चुहावटलाई मात्र रोक्न सक्ने हो भने झण्डै २०० क्षताको आयोजना बनाउने पुग्ने ३० अर्वको आयोजना बराबरको चुहावट हुने गरेको छ । २०५८ मा २३.५ प्रतशित रहेको चुहावट अहिले २८.६ प्रतिशतमा पुगेको छ । अहिले प्राधिकरण्को कुल सञ्चीत नोक्सानी १९ अर्व ४६ करोड पुगेपनि प्राधिकरणका उच्च तहका कर्मचारीहरूबाट विद्युत चुहावट र भ्रष्टाचार रोक्नको लागि कुनै पहल भएको छैन । विद्युत प्राधिकरणलाई दुहुनो गाई सम्झेर त्यसैबाट धेरै पूर्व प्रधानमन्त्रीदेखि लिएर पूर्वजलस्रोत मन्त्रीहरू र पहुचवाला व्यक्तिहरूले त्यहाँका महँगा र विलासी गाडिहरूको प्रयोग गर्दै आइरहेका छन् । व्यक्तिले गाडी चढेपनि इन्धन खर्च लगायत सबै खर्च प्राधिकरणले नै बेहोर्नु पर्ने बाध्यता प्राधिकरणलाई रहेको छ ।

हालै सरकारका केही सचिवहरूको बैठकले विद्युत चुहावट ५ प्रतिशत घटाउने प्रतिवद्धता कार्यान्वयन नगर्ने उच्चतहका कर्मचारीहरू निलम्वनको सजाय भोग्न तयार हुने कार्ययोजना विद्युत प्राधिकरणले ल्याएमात्र बढीमा ३० प्रतिशत महसूल बृद्धि गर्न दिने निष्कर्ष निकालेका छन् । विद्युत महसूल निर्धारण आयोगद्वारा केही दिन पहिला प्रधानमन्त्री कार्यालयमा आयोजना गरेको परामर्श बैठकमा सचिवहरूले त्यस्तो निर्णय गरेको हुन् । उक्त बैठकमा सरकारका मुख्यसचिव माधव घिमिरे, प्रधानमन्त्री कार्यालयका लिलामणी पौडेललगायतका अन्य केही सचिवहरूको समेत उपस्थिति रहेको थियो । विद्युत महसुल आयोगका अध्यक्ष महेन्द्रनाथ अर्यालले समयसीमा तोकेर प्राधिकरणका उच्च व्यवस्थापनलाई पर्फरमेन्स कन्ट्र्याकमा सही गराउनु पर्ने हुन्छ भन्दै अन्यथा भोली कसैलाई जिम्मेवार बनाउन नसकिने बताए पछि हाललाई विद्युत महसूल बढ्ने सम्भावना केही समयको लागि टरेको छ ।

# पचासी दिनमा पासपोर्ट

काठमाडौं / अन्ततः एमआरपी (पासपोर्ट) छाप्ने जिम्मा फ्रान्सको ओवरथर कम्पनीले पायो । परराष्ट्रमन्त्रीले पानी छाप लोगो अनुमोदन नगरेपछिको किचलोलाई प्रधानमन्त्रीले समाप्त गरेर ओवरथरलाई शुक्रबार एमआरपी छाप्ने जिम्मा दिइयो । ओवरथरले पचासी दिनमा नेपाललाई पहिलो लट पासपोर्ट उपलब्ध गराउनेछ ।

एमआरपी पासपोर्टकै व्यवस्थान ठाउँ मिलाउन नसकेर परराष्ट्र मन्त्रलाय राजदरबारबाट सिंहदरबार सर्ने भएको छ । परराष्ट्रमन्त्री सुजाता कोइरालाले टेण्डर प्रक्रिया रद्द गरेर भारतलाई दिने निर्णय गरेको र मन्त्रिपरिषद्लेसमेत अनुमोदन गरेकोमा जनआवाज र कानुनी प्रक्रियाको सवाल उठेपछि माओवादीले सडक आन्दोलन समेत गरेको थियो । जनदबाब रोक्न मन्त्रिपरिषद्ले निर्णया फिर्ता लिएर फेरि सुरु गरेको टेण्डर प्रक्रियामा भारत सहभागी भएन ।

अन्तिम समयसम्म एमआरपी छपाई भारतलाई दिन प्रयास गरिरहेकी परराष्ट्रमन्त्री सुजाता कोइरालाले अझै पनि ओवरथर कम्पनी अविश्वसनीय भनिरहेकी छिन् । फ्रान्सको समेत इज्जत गाँसिएको छपाइमा कुनै कमी हुन्छ भन्ने विषयमा कसैलाई पनि विश्वास छैन । सबै काम नियमित भएको सन्दर्भलाई सर्वाजनिक लेखा समितिले पनि चित्त बुझाएको छ । त्यसैले गत शुक्रबारको मितिले पचासी दिनमा नेपाल एमआरपीमा प्रवेश गर्ने र हस्तलिखित पासपोर्ट प्रतिस्थापन हुने निश्चित भएको छ ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा, भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर